# सामान्य चिनियाँ परोपकारी कोष तथा विशेष सहायता कोष
# (जनरल चाईनिज च्यारिटिज फण्ड एण्ड स्पेशल ऐड फण्ड)

## परिचय

सामान्य चिनियाँ परोपकारी कोष (GCCF) तथा विशेष सहायता कोष (SAF)को उद्देश्य प्राकृतिक प्रकोप वा दुर्घटनाबाट प्रभावित र तत्काल आवश्यकता भएका हङकङ निवासीहरूलाई आपतकालीन राहत उपलब्ध गराउनु हो। GCCF ले आवश्यकता भएका चिनियाँ जातीका परिवार वा व्यक्तिहरुलाई आपतकालीन राहत उपलब्ध गर्दछ भने SAFले आवश्यकता भएका गैर-चिनियाँ परिवार वा व्यक्तिहरुलाई लक्षित गर्दछ। सबै आवेदनहरुको स्वीकृति सम्बन्धित जिल्ला कार्यालयहरु(DOs)को अधीनमा छ, र आवेदकहरुको आर्थिक कठिनाईको मूल्यांकन गरिनेछ।

## आवेदन प्रकिया

स्थानीय घटनाबाट प्रभावित भएका व्यक्तिहरूले सम्बन्धित DOs मा आवेदन पेश गर्न सक्छन्। सोधपुछको लागि, कृपया सम्बन्धित DO लाई सम्पर्क गर्नुहोस्। DOs को गृह मामिला सोधपुछ केन्द्रहरूको ठेगाना र सम्पर्क नम्बरहरूका लागि कृपया यहाँ क्लिक गर्नुहोस्। हङकङ निवासीहरू हङकङ बाहिर विपत्तिमा परी गम्भीर रूपमा घाइते भएका वा मृत्यु भएका घटनाहरूको लागि, अध्यागमन विभाग मार्फत गृह मामिला विभागको मुख्यालयमा आवेदन पेश गर्नु पर्दछ।